नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ०७८/०७९

चलानी नं.:- ८६

विद्यालय शिक्षा

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति २०७८/०५/१५

विषय : कार्य योजना कार्यान्वयनमा समन्वय र सहजीकरण सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको प.सं. ५०९/कार्य/१/०७८/७९ च.नं. १४१ मिति २०७८।५।१३ को पत्रबाट कोभिड महामारीको अवस्थामा हुन सक्ने निषेधाज्ञाको प्रकृति अनुरुप यस मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन संलग्न कार्ययोजना एकिकृत रुपमा तयार गरिने Smart Lockdown कार्ययोजनामा समावेश भएको व्यहोरा लेखि आएको छ ।

साथै सो केन्द्रले उक्त ६ बुदे कार्ययोजना कार्यान्वयनका लागि सबै जिल्लास्थित कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा जानकारी गराई सकिएको व्यहोरा अनुरोध गर्दै उक्त कार्ययोजना कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय र सहजीकरण हुन प्रमुख प्रशासकिय अधिकृतहरु मार्फत स्थानीय तहका सबै पदाधिकारीहरुलाई जानकारी गराउन निर्देशन दिने व्यवस्थाका लागि त्यहाँ मन्त्रालयमा लेखि पठाउने भनी मिति २०७८।०५।१५ मा सचिवस्तरीय निर्णय भएकोले निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

विदुरराज गिरी
उपसचिव

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं ।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र,
सिंहदरबार ।
श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर : उक्त कार्ययोजना त्यहाँको वेवसाइटमा राख्ने व्यवस्था हुन ।

## कोभिड महामारीको अवस्थामा हुनसक्ने निशेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसंग सम्बन्धित कृयाकलापहरुको कार्यान्वयन सम्बन्धि कार्ययोजना

| क.सं. | क्षेत्र/उपक्षेत्र/कृयाकलाप | लकडाउनको प्रकृति र सञ्चालन खुला गरिएको कार्य | | | |
|---|---|---|---|---|---|
| | | **Hard Lock Down (Red)** | **Mixed Lock Down (Amber)** | **Soft Lock Down (Yellow)** | **Minimal Lock Down (Green)** |
| १ | **विद्यालयको पठन पाठन सञ्चालन र व्यवस्थापन** | • बैकल्पिक सिकाइका विभिन्न माध्यमको प्रयोगका लागि प्रविधिमा विद्यार्थीको पहूँचका आधारमा विद्यालयले देहाय बमोजिम विद्यार्थीको समूहकृत गर्ने:<br>○ सबै किसिमको प्रविधिको पहुँचभन्दा वाहिर रहेका विद्यार्थी ।<br>○ रेडियो, एफ एम रेडियोको पहुँचमा भएका विद्यार्थी ।<br>○ टेलिभिजनमा पहुँच भएका विद्यार्थी<br>○ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी ।<br>○ इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी ।<br>• प्र.अ. को नेतृत्वमा कम्तिमा एक तिहाई शिक्षक आलोपालो विद्यालयमा उपस्थित रहि स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गर्दै विद्यार्थी समूह अनुसारको सिकाइ सहजीकरणको योजना तयार गरी स्थानीय तहसंगको समन्वयमा विद्यार्थीलाई सहजीकरण गर्ने | • बैकल्पिक सिकाइका विभिन्न माध्यमको प्रयोगका लागि प्रविधिमा विद्यार्थीको पहूँचका आधारमा विद्यालयले देहाय बमोजिम विद्यार्थीको समूहकृत गर्ने:<br>○ सबै किसिमको प्रविधिको पहुँचभन्दा वाहिर रहेका<br>○ रेडियो, एफ एम रेडियोको पहुँचमा भएका<br>○ टेलिभिजनमा पहुँच भएका विद्यार्थी<br>○ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका<br>○ इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच नभएका<br>• प्र.अ. को नेतृत्वमा पचास प्रतिशत शिक्षक आलोपालो विद्यालयमा उपस्थित भई स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गर्दै विद्यार्थी समूह अनुसारको सिकाइ सहजीकरणको योजना तयार गरी | • शिक्षकले विद्यालयमा उपस्थित भई थप सिकाइ सामग्री तथा प्रत्येक हप्ताको लागि विद्यार्थी कृयाकलाप र गृहकार्य तयार गर्ने ।<br>• विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा विद्यालयमा वा सिकाइ केन्द्रमा भौतिक दुरी कायम हुने साना साना समूहमा बोलाएर सिकाइ सामग्री/गृहकार्य वितरण गर्ने, विद्यार्थीले गरेका गृहकार्य संकलन गर्ने र आवश्यक पृष्ठपोषण दिई निरन्तर मूल्यांकन गर्ने ।<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा २०७७ अनुसारका मापदण्डहरू तथा प्रकृया | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा २०७७ अनुसारका मापदण्डहरू तथा प्रकृया पुरागरी पठन पाठनका कार्यहरू सञ्चालन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • विद्यालयले विद्यार्थीलाई CUG मा आवद्ध गरी नियमित टेलिफोन सम्पर्क र परिवेश अनुसार Online-Learning, श्रव्य-दृश्य वा श्रव्य सामग्री उपलब्धता/प्रसारणको माध्यमद्वारा विद्याथी सिकाई सम्बन्धी सहजीकरण निर्देशिकाको कार्यान्वयन गर्ने र सो को जानकारी स्थानीय तहको शिक्षा हेर्ने निकायलाई दिने । | स्थानीय तहको समन्वयमा विद्यार्थीलाई सहजीकरण गर्ने ।<br>• विद्यालयले विद्यार्थीलाई CUG मा आवद्ध गरी नियमित टेलिफोन सम्पर्क र परिवेश अनुसार Online-Learning, श्रव्य-दृश्य वा श्रव्य सामग्री उपलब्धता/प्रसारणको उपयुक्त विधि र प्रकृया अवलम्बन गरी सिक्षण सिकाईलाई निरन्तरता दिने र सो को जानकारी स्थानीय तहको शिक्षा हेर्ने निकायलाई दिने ।<br>विद्यालय, समुदाय, सिकाई केन्द्र वा उपयुक्त स्थानमा विद्यार्थीलाई स-साना समुहमा राखी सिकाइ सामग्री/गृहकार्य वितरण गर्ने, विद्यार्थीले गरेका गृहकार्य संकलन गर्ने, विद्यार्थीको समस्या समाधान गर्ने र आवश्यक पृष्ठपोषण दिई निरन्तर शिक्षण सिकाइको वस्तुगत मूल्यांकन प्रणालीको अवलम्वन गर्ने । | पुरागरी कुल कक्षा संख्या वा विद्यार्थीको संख्याको एक तिहाइ आलोपालो वा सिफ्टमा उपस्थित गराइ पठन पाठन गर्ने । | |
| २ | **उच्च शिक्षा तथा प्राविधिक शिक्षा को सञ्चालन र व्यवस्थापन** | शिक्षण संस्थाहरुले भर्चुअल माध्यमबाट पठन पाठन गराउने र सम्बन्धित् विश्वविद्यालयलाई विद्युतीय माध्यमबाट जानकारी गराउने। | शिक्षण संस्थाहरुले भर्चुअल माध्यमबाट पठन पाठन गराउने र सम्बन्धित् विश्वविद्यालयलाई विद्युतीय माध्यमबाट जानकारी गराउने। | शिक्षण संस्थाहरुले विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा कार्यक्रमगत स-साना समूहमा बिभाजन गरी कुल कक्षा संख्या वा विद्यार्थीको संख्याको | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी पठन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | एक तिहाइ आलोपालो वा सिफ्टमा उपस्थित गराइ पठन पाठन गर्ने र सम्बन्धित् विश्वविद्यालयलाई विद्युतीय माध्यमबाट जानकारी गराउने। | पाठनका कार्यहरू सञ्चालन गर्ने । |
| ३ | **परीक्षा सचालन तथा व्यवस्थापन** | • शिक्षण संस्थाहरूले अनलाइन परीक्षा मात्र सञ्चालन गर्न सक्ने । | • शिक्षण संस्थाहरूले अनलाइन परीक्षा र परियोजनाकार्यहरू मात्र सञ्चालन गर्ने । | • विद्यालय, कलेज, विश्वविद्यालय, बोर्ड तथा परिषदहरूले स्वास्थ्य मापदण्ड र भौतिक दुरी कायमगरी एक बेञ्चमा एक जना जेट (Z) आकारमा विद्यार्थी वसाइ व्यवस्था गर्ने गरी होमसेन्टरमा परीक्षा सञ्चालन गरी व्यवस्थापन गर्ने/गराउने । | विद्यालय, कलेज, विश्वविद्यालय, बोर्ड तथा परिद्षदहरूले स्वास्थ्य सुरक्षाका मापदण्ड र भौतिक दुरी कायमगरी परीक्षा सञ्चालन गर्ने |
| ४ | **पाठ्यपुस्तक छपाई ढुवानी तथा विक्री वितरण** | • पाठ्यपुस्तक उत्पादन, छपाई, ढुवानी र विक्रि वितरणलाई अत्यावश्यक वस्तुको सूचिमा राखी आवश्यक कार्य गर्ने ।<br>स्थानीय तहसँग समन्वय गरी विक्रेता/विद्यालयले विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउने । | • पाठ्यपुस्तक उत्पादन, छपाई, ढुवानी र विक्रि वितरणलाई अत्यावश्यक वस्तुको सूचिमा राखी आवश्यक कार्य गर्ने ।<br>स्थानीय तहसँग सम्न्वय गरी विक्रेता/विद्यालयले विद्यार्थीको हातमा पाठ्यपुस्तक पुर्याउने । यस कार्यमा स्थानीय तहका प्रशासकीय प्रमुखहरुको सहयोग लिने । | • पाठ्यपुस्तक उत्पादन, छपाई, ढुवानी र विक्रि वितरणलाई अत्यावश्यक वस्तुको सूचिमा राखी आवश्यक कार्य गर्ने ।<br>सामुदायिक विद्यालयहरूले आलोपालो गरी विद्यार्थी बोलाई निःशुल्क पाठ्यपुस्त तथा पाठ्यसामग्रीहरू वितरण गर्ने र यस कार्यमा स्थानीय तहका | • स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा ढुवानी र विक्री वितरण कार्य सञ्चालन गर्ने ।<br>सामुदायिक विद्यालयहरूले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रशासकीय प्रमुखहरुको सहयोग लिने । | विद्यालयबाट विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू वितरण गर्ने । |
| ५ | **शिक्षक तालिम र छोटो अवधिका व्यासायिक तथा सीपमुलक तालिमहरूको सञ्चालन र व्यवस्थापन** | भर्चुअल माध्यमबाट गर्ने । | भर्चुअल माध्यमबाट गर्ने । | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने |
| ६ | **विद्यालय भवन तथा अन्य पूर्वाधार निर्माण कार्य** | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी सिमित जनशक्तिको उपस्थितीमा भवन निर्माण तथा अन्य निर्माणका कार्य गर्ने | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी सिमित जनशक्तिको उपस्थितीमा भवन निर्माण तथा अन्य निर्माणका कार्य गर्ने । | स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरी आवश्यक जनशक्तिको उपस्थितीमा भवन निर्माण तथा अन्य निर्माणका कार्य गर्ने | आवश्यकता अनुसार पूर्वाधार बिकास र विद्यालय भवन निर्माणको कार्य गर्ने |